# प्यूठान जिल्ला अदालत
# खलंगा प्यूठान

मिति २०७८/१/२४

## सुचना सुचना सुचना

तिब्र गतिमा विश्वव्यापी महामारीको रुपमा फैलिरहेको नयाँ भेरियन्टको कोरोना भाईरस(कोभिड-१९) को संक्रमण हालका दिनहरुमा तिब्र रुपमा फैलिरहेको अवस्थालाई गम्भिरता पुर्वक लिदै यस अदालतको बार, बेन्च र सरकारी वकील वीचको निर्णय बमोजिम मिति २०७८/१/१८ गते देखी मिति २०७८/१/२४ गते सम्मको लागि यस अदालतको कामकारवाही तथा प्रवाह हुने सेवामा संकुचन गर्ने र प्युठान जिल्ला भर सार्वजनिक सेवा स्थगित गर्ने आदेशमा थप तथा निरन्तरता भएको अवस्थामा यस अदालतको आज भएको निर्णयलाई नै पुनः निरन्तरता दिने भन्ने निर्णय भएकोमा जिल्ला प्रशासन कार्यालय प्युठानबाट जिल्ला भरी मिति २०७८/१/२४ गते देखी लागु हुने गरी मिति २०७८/१/३१ सम्मको लागी अत्यावश्यक बाहेकका अन्य सार्वजनिक सेवा हाललाई स्थगित गर्ने भनी पुनःआदेश जारी भएकोले मिति २०७८/१/३१ सम्मको लागी यस अदालतको मिति २०७८/१/१८ को निर्णय बमोजिमका सेवामात्र प्रवाह गर्ने र अन्य सेवाहरु संकुचन गर्ने निर्णय भएको हुँदा सम्बन्धीत सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ।

**१.स्थगन गरिने सेवाहरु**

क) मुद्दाको पेशी
ख) फिराद दर्ता
ग) साक्षीको बकपत्र
घ) पेशी एवं साधारण तारिख
ङ) हाजिर हुन आउने एवं वारेश अनुमती लगायतका निवेदन पेशी
च) धरौटी फिर्ता रोक्का फुकुवा सम्बन्धी सेवाहरु
छ) फैसला/आदेश/कागजातहरुको प्रमाणित प्रतिलिपि सम्बन्धी सेवाहरु समेत।

**२ सुचारु हुने सेवाहरु**

क. बन्दीप्रत्यक्षीकरणको निबेदन दर्ता
ख. म्याद थप, पक्राउपुर्जी जारी, जरुरी पक्राउपुर्जी समर्थन, कल डिटेल अनूमति प्रदान।
ग. अभियोगपत्र दर्ता, बयान, थुनछेक।
घ. घरेलु हिंसाको निवेदन दर्ता।
ङ. प्रहरीद्धारा पक्राउ परि आएका फरार प्रतिवादीको बयान तथा थुनछेक।
च. चालु मुद्दाका मिलापत्र तथा मुद्दा फिर्ता
छ. मु.फौ. का. स. २०७४ को दफा १५५ को सुविधाको निवेदनको सुनुवाई।

३. काम कारवाही तथा सेवा प्रभाह स्थगन भएका अवधीका मुद्दा तथा निवेदनमा रहेका हदम्याद, म्याद तारिख नगुज्रने, र यस सम्बन्धी अरु व्यवस्थापकीय पक्षहरु अदालत प्रशासनले मिलाउने।

४. सार्वजनिक सेवा स्थगित गर्ने आदेशमा थप तथा निरन्तरता भएको अवस्थामा यस अदालतको आज भएको निर्णयलाई नै पुनः निरन्तरता दिने ।

२०७८/१/२४

विरेन्द्र... डुङ्का